महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७५।०७६-

मितिः २०७५।१२।४

श्री प्रमुखज्यू,
सूर्योदय नगरपालिका,
इलाम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चितकोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.८२ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रु.२७ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ६५ हजार, र पेश्की रु.६ लाख रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय-** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# सूर्योदय नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।०७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्देश्य रहेको छ । यो नगरपालिकाअर्न्तगत १४ वडा, ७३ सभा सदस्य, २२५.५३ व.कि.मी.क्षेत्रफल, ५६६२१ जनसंख्या तथा १ नम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोषः** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चितकोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५,३२,१०,७५४।१३ | १ | **खुद खर्च** | | ४९,२४,६१,४६४।४८ |
| २ | **आन्तरिक आय श्रोत** | | २,५४,६५,००४।६५ | | क) चालु खर्च | ३६,१५,०६,७६०।१७ | |
| | क) आन्तरिक स्रोत | २,२३,२८,६६६।६५ | | | ख) पूजीगत खर्च | १३,०९,५४,७०४।३१ | |
| | ख) जनसहभागिता | ३१,३६,३३८।०० | | २ | **पेश्की खर्च** | | ३८,५७,९०५।०० |
| ३ | **संघीय सरकार अनुदान** | | ५८,७२,३९,५९३।४० | | क) चालु खर्च | २,००,०००।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | २८,४८,८३,०००।०० | | | ख) पूजीगत खर्च | ३६,५७,९०५।०० | |
| | ख) सशर्त अनुदान | १८,९०,७९,९२९।४० | | ३ | **धरौटी खर्च** | | २८,१४,४६३।०५ |
| | ग)अन्य अनुदान | ११,३२,७६,६६४।०० | | ४ | बैंक मौज्दात | | १८,१८,१७,०३०।२२ |
| ४ | **प्रादेशिक सरकार अनुदान** | | २५,००,०००।०० | | | | |
| ५ | **अन्य** | | २९,७६,९३६।०० | | | | |
| ६ | **विशेष कोष आम्दानी** | | ४६,००,०००।०० | | | | |
| ७ | **धरौटी आय** | | ४९,५८,५८४।५७ | | | | |
| | **जम्मा** | | **६८,०९,५०,८६२।७५** | | | | **६८,०९,५०,८६२।७५** |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून र सोको मापदण्ड तय गरेको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा नगरपालिकाले अभिलेख व्यवस्थापन लाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २. | **स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिकाको समग्र नगरप्रोफाईल तयार गरेको देखिएन । नगर प्रोफाइल तयार गरी क्षेत्रगत प्राथमिकताको आधारमा विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने र नगरक्षेत्रमा दिगो र गुणस्तरिय सेवा प्रवाह गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

| | | |
|---|---|---|
| ३. | **लक्ष्य प्रगती:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयारगरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । प्रचलित नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । | |
| ५. | **विषयगत कार्यालय :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायबाट सञ्चालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ति संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था रहेको छ । नगरपालिका गठन हुँदा गाउँ विकास समिति गाभिएकोमा स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाहरुको लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश बमोजिम नगरपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गर्नुपर्दछ । | |
| ६. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्ने असूल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखाबाट आर्थिक वर्षको अन्त्यमा १ पटकमात्र लेखापरीक्षण गराएको छ । यस वर्ष आन्तरिक लेखापरिक्षणबाट औंल्याएका देहायका बेरुजू हाल सम्म लगत कट्टा नगराएकोले ऐनको निर्दिष्ट व्यवस्थाको पालना नभएकोले आन्तरिक लेखापरीक्षणबाट औंल्याएका निम्नानुसारका बेरुजू असूल फछ्र्यौट गर्नु पर्दछ । | ९,७२,३६५.२३ |

<table>
<tr><th>व.उ.शि.नं.</th><th>बेरुजू व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>महिला शक्तिकरण</td><td>सूर्योदय सामाजिक प्रतिष्ठानमार्फत खर्च भै खरिद गरिएका निम्न जिन्सी मालसामान आम्दानी बाँधि जिन्सी दाखिला नभएको ।
<table>
<tr><th>सि.नं.</th><th>जिन्सी मालसामान</th><th>जिन्सी परिमाण</th><th>मूल्य रकम</th></tr>
<tr><td>१</td><td>ल्याप टप</td><td>१ थान</td><td>६७,८००।००</td></tr>
<tr><td>२</td><td>प्लाष्टिक कुर्सि</td><td>८० थान</td><td>५६,०००।००</td></tr>
<tr><td>३</td><td>स्टिल दराज</td><td>१ थान</td><td>१५,०००।००</td></tr>
<tr><td>४</td><td>काठको टेबुल</td><td>१ थान</td><td>५,०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१,४३,८००।००</td></tr>
</table></td><td>१,४३,८००।००</td></tr>
<tr><td>कृषि चालु</td><td>एक गाउँ एक प्राविधिक कार्यक्रम २ पशु सेवा प्राविधिकलाई रु.५,३२,०८०।- तलव खर्च लेखेकोमा सम्झौता बमोजिम प्रगती प्रतिवेदन पेशगरेको र निजहरुबाट भएको कार्यको अनुगमन विवरण पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td></td><td>हरिप्रसाद गुरागाईंको रु.१,००,०००।- पेश्की फछ्र्यौट गर्दाको बजेट खर्च भन्दा बढि रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।</td><td>४,०५०।००</td></tr>
<tr><td>आन्तरिक चालु</td><td>वालमैत्री शासन,वाल अधिकारको सम्मान, वालदिवस २०७४ कार्यक्रम संयोजक श्री पेमा उगेन लामालाई रु.९१,०८५।- भुक्तानी गरेकोमा निम्नानुसार देखिएको ।
<table>
<tr><td>१</td><td>स्टेज तयारी तथा अन्य खर्चवापत भुक्तानी भएको रु.८,०००।००को विलभरपाई पेश नभएको ।</td><td>८,०००।००</td></tr>
<tr><td>२</td><td>प्रतियोगितात्म कार्यक्रमका ४ जना निर्णायकको पारिश्रमिक भुक्तानीमा कर कट्टा नगरेको ।</td><td>९००।००</td></tr>
<tr><td>३</td><td>किरण साउण्ड सिस्टमलाई अन्य भाडा भुक्तानीमा कर कट्टा नगरेको ।</td><td>१,५००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०,४००।००</td></tr>
</table></td><td>१०,४००।००</td></tr>
<tr><td></td><td>रेडियो फिक्कल सँग मिति २०७४।९।१५ देखि २०७५।३।३० सम्म सूर्योदय कार्यक्रम सञ्चालन वापत संझौता बमोजिम रु.२,५०,०००।- भुक्तानी दिएकोमा रु.२,२९,०७०।-को मात्र कर विजक जारी गरेको देखिएकोले रु.२०,९३०।-घटी रकमको कर विजक जारी गरेको....</td><td>२०,९३०।००</td></tr>
<tr><td>पूँजीगत</td><td>धरौटी:शिक्षा नियमावली, २०७४ को नियम १३ बमोजिमको संस्थागत विद्यालयको अनुमति लिंदाको धरौटी नियम १४ बमोजिम स्थानीय निकाय कार्यपालिकाको नियन्त्रणमा रहने गरी बैंकखातामा जम्मा गर्नु पर्नेमा सो को अद्यावधिक विवरण पेश गरेको छैन । नियमको पालना गरी विवरण अद्यावधिक गरी संस्थागत विद्यालयले राखेको धरौटी रकम नगरपालिकाको नियन्त्रणमा रहनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>संस्थागत विद्यालयको चल,अचल सम्पत्तिको अभिलेख अद्यावधिक तथा हस्तान्तरण गरी संरक्षणमा ध्यान दिनु</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | पर्दछ । | |
| | शिक्षा नियमावली, २०७४ बमोजिम परिक्षा शुल्क सम्बन्धि विवरण पेश भएको छैन । | |
| | कार्य सम्पादन सम्झौताका आधारमा विद्यालय विकास तथा सुधार भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । | |
| | विद्यालयको सम्पत्तिको सुरक्षा,लगत र अभिलेख अद्यावधिक गरी विवरण सार्वजनिक गरेको छैन । | |
| प्रकोप व्यवस्थापन | फोहोरमैला व्यवस्थापन कार्यका लागि सिद्धिखोला रमिते डम्पिङ्साइट तथा सुधार गर्नको लागि कडा तथा नरम प्रकारको माटोकाट्ने कार्य डोजर प्रयोग गरी ५८ घण्टाको प्रति घण्टा रु. २५००।-का दरले रु.१,४५,०००।- कञ्चनजंघा निर्माण सेवा एण्ड सप्लायर्सको विलका आधारमा भुक्तानी गरेकोमा सो को संझौता तथा आधार प्रमाण पेश रेको देखिएन । | १,४५,०००।०० |
| | विभिन्न ७ वटा सडक निर्माणको लागि भनि कञ्चनजंघा निर्माण सेवा एण्ड सप्लायर्सलाई रु.३,६२,५००।- भुक्तानी गरेकोमा निर्माण सेवाको डोजर प्रतिघण्टा रु.१५३०।- का दरले प्रयोग गरेको उल्लेख गरेकोमा सो को पर्याप्त आधार प्रमाण बेगर भुक्तानी गरेको नियमसम्मत देखिएन । | ३,६२,५००।- |
| | वडा नं.१ को सडक पहिरो सफा गर्ने कार्यका लागि कामना कन्सट्क्सनलाई स्वीकृत दररेट बेगर भुक्तानी गरेकोमा नियमसम्मत देखिएन । | ९,०००।०० |
| | वडा नं.३,५,६ र १२ को सडक पहिरो सफा गर्ने कार्यका लागि कामना कन्सट्क्सनलाई भुक्तानी गरेकोमा स्वीकृत दररेट वेगर कार्यगराई भुक्तानी गरेकोमा नियमसम्मत देखिएन । | २,७५,०००।- |
| धरौटी | आर्थिक कार्यविधि नियमावली,२०६४को नियम २०६४को नियम ६७ बमोजिम धरौटी आम्दानी जनाउन बाँकी देखिएकोले कसले कुन प्रयोजनका लागि उक्त रकम जम्मा गरेको हो एकीन गरी धरौटी बाँधी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । | १,६८५।२३ |
| | **जम्मा** | **९,७२,३६५.२३** |

७. **सशर्त अनुदान**: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार सशर्त अनुदानमा प्राप्त भएको रकम मध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले प्रदेश सरकारबाट ससर्त अनुदानमा प्राप्त रकम मध्ये रु.२,००,०००।- खर्च नभई बाँकी रहेको रकम स्थानीय संचित कोषमा जम्मा गरेको देखियो । उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । — २,००,०००.००

८. **विशेष भत्ता**: नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । कार्यालयले आन्तरिक आम्दानीबाट कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा प्रोत्साहन स्वरुप तोकिएको रकमको हिसावका दरले रु.१२,८१,१००।००भुक्तानी गरेको पाइयो । नेपाल सरकारले तोकिएको काम गरे वापत तलव भत्ता सुविधा उपलव्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

९. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्यौट नभई रु.६,००,०००।००वांकी रहेको देखियो । नियमानुसार पेश्की रकम फछ्र्यौट गर्नुपर्दछ । रु. — ६,००,०००.००

| सि.नं. | पेश्की मिति | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | २०७५-३-२८ | सोमनाथ सुसेली | ५०,०००।०० |
| २ | २०७४-११-१३ | सूर्योदय महिला मञ्च | १,५०,०००।०० |
| ३ | २०७५-११-१२ | प्रयास प्रारम्भ प्रा.लि. | ४,००,०००।०० |
| | | **जम्मा** | **६,००,०००।००** |

१०. **उपभोक्ताको काम**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता

| | | |
|---|---|---|
| | विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ ।<br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधी तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । | |
| ११. | **उपभोक्ता समितिको कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर,रोलर,ग्रेडर विटुमिन डिष्ट्रिव्यूटर विटुमिन व्वाईलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्नु पर्ने जटील प्रकृतिको कार्य सम्बन्धीत प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।त्यसै गरी नियम (१०)मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नु पर्ने तर कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नपाइने उल्लेख छ ।<br>यस कार्यालयले यो वर्ष २ वटा उपभोक्ता समितिबाट सडक कालो पत्रे गर्ने जस्तो जटिल प्रकृतिको कार्य गराई रु.५९,४३,२८५।-भुक्तानी दिएको देखियो । निर्माण कार्यमा उपभोक्ताले अन्य सव कन्ट्राक्टर प्रयोग गरी प्राविधिक तथा कार्यालयको स्वीकृती वेगर हेभी मेशिनहरु प्रयोग गरी निर्माण कार्य गराएको नियम सम्मत देखिएन । यसमा छानविन गरी सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १२. | **भवन निर्माण**: आर्थिक कार्यविधी नियमावली, २०६४को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदावा खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ ।<br>यो वर्ष एन्जेलिया महिला सहकारी संस्था र महिला सूर्योदय बहुमुखी सहकारी संस्थाको भवन निर्माणको लागि क्रमशः रु.२,००,०००।०० र रु.५००००।०० समेत जम्मा रु. २,५०,०००।- उपलब्ध गराएको देखियो । सर्वसाधारण नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नु पर्नेमा नाफा कमाउने उद्देश्यले स्थापित सहकारी संस्थालाई भवन निर्माण कार्यको लागि रकम उपलब्ध गराएकोले उक्त योजनाबाट सर्वसाधारण नागरिकलाई भन्दा सहकारी संस्थालाई लाभ पुगेको देखियो ।नगरपालिकाले आयोजना छनौट गर्दा नागरिकलाई प्रत्यक्ष लाभ हुने योजना छनौट नगरी निश्चित व्यक्ति वा संस्थालाई लाभ हुने योजनामा बजेट खर्च गरेको रकम मनासिव मान्न सकिएन रु. | २,५०,०००.०० |
| १३. | **विल भर्पाई**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(७)मा आफुले जिम्मा लिएको सरकारी रुपैयाँ र त्यसको हिसाव किताब, विल भर्पाई वा प्रमाण संलग्न गरी राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयबाट यस वर्ष एक शहर एक उद्यान कार्यक्रम र वडाको चालु शिर्षकमा रु. १,१२,०००।०० भुक्तानी दिएकोमा सो को बिल भर्पाई एवं हाजिरी संलग्न गरेको देखिएन । खर्च प्रमाणित हुने विल भर्पाई बेगर बजेट खर्च लेखेको नियम सम्मत देखिएन । | १,१२,०००.०० |

| **कार्यक्रम** | **भौ.नं. र मिति** | **नपुग प्रमाण** | **नाम** | **रकम** |
|---|---|---|---|---|
| एक शहर एक उद्ययन कार्यक्रम | | विल/भर्पाई | | १,००,०००।०० |
| वडा नं.१ तर्फको चालु | २-०७५।२।११ | भर्पाई | तेज बहादुर पाण्डे | ५,०००।०० |
| वडा नं.७ तर्फको चालु | १७-०७५।२।२५ | अनुपस्थित | चित्र राई | ४०००।०० |
| | १७-०७५।२।२५ | अनुपस्थित | गंगा खतिवडा | १०००।०० |
| वडा नं.३ तर्फको चालु | २५-०७५।२।१५ | अनुपस्थित | तृष्णा लोहार | २०००।०० |
| | | | **जम्मा** | **१,१२,०००।००** |

| | | |
|---|---|---|
| १४. | **वाहाल कर:** आय कर ऐन, २०५८ को दफा ८९ मा कुनै ठेक्का वा करार वापत रु. ५०,०००।०० भन्दा बढी भुक्तानी दिदा १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । नगरपालिका मुख कट्टेल गाउ | |

| | | |
|---|---|---|
| | गर्जमान टोल हुँदै हाईट्रो जोड्ने बाटो निर्माण उपभोक्ता समितिले डोजर प्रयोग गरी रु.७,१०,२००।०० र फिक्कल गुम्बा पथ कुटी शिव मन्दिर बाटो निर्माण उपभोक्ता समितिले डोजर प्रयोग गरी रु.९,७०,०००।०० भुक्तानी गरेकोमा सो भुक्तानीमा नियमानुसार लाग्ने बहाल कर रु.२५,२०३।०० असूल गरेको देखिएन । बहाल करवापतको रकम असूलगरी संचत कोष दाखिला गर्नु पर्दछ । | २५,२०३.०० |
| १५. | **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने व्यवस्था छ । मानव अधिकार संजाल तथा शान्ति कार्य समुहनेपाल र प्रयास आरम्भ प्रा.लि.लाई नगर प्रोफाईल तयारी कार्यको लागि मूल्य अभिवृद्धि कर समेत रु.९,२५,०००।०० को प्रथम विल भुक्तानी दिएकोमा निजले कर विजक पेश गरेको देखिएन । कर विजक बेगर मूल्य अभिवृद्धि कर रु. १,०६,४१५।९३ समेत भुक्तानी दिएको देखिएकोले मूल्य अभिवृद्धि कर वापतको रकम असूल गर्नु पर्दछ । | १,०६,४१५.९३ |
| १६. | **अमानत**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ (३) मा अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपयामा नवढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन सकिने उल्लेख छ । कन्याम पर्यटकिय क्षेत्रमा सडक अतिक्रमण खाली गरी सडक क्षेत्र विस्तार गर्ने कार्य अमानतबाट गराईएको शिव कुमार वस्नेतले पेश गरेको विल भर्पाईको आधारमा रु. ४३,३१,७१९।६७ भुक्तानी दिएको छ । यसरी एकलाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य एउटै व्यक्तिबाट प्रतिस्पर्धा बेगर अमानतमा गराई भुक्तानी दिएको नियम सम्मत देखिएन । | |
| १७. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको एउटै फर्म वा कम्पनीबाट एक लाख भन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ । यस कार्यालयले १४ वटै वडामा सोलर सिष्टम जडान गरी निम्नानुसारका फर्मलाई रु.३७,०४,७८४।०० भुक्तानी दिएको छ । यसरी एउटै कामलाई टुक्राटुक्रा पारी प्रतिस्पर्धा बेगर एउटै फर्मलाई सिमा भन्दा बढी भुक्तनी दिएको नियम सम्मत देखिएन । | ३७,०४,७८४.०० |

| वडा नं. | फर्मको नाम | बजेट खर्च |
|---|---|---|
| १ | | २,६०,५९८।०० |
| २ | | २,७०,०००।०० |
| ३ | स्टार अफिस इन्टरनेशनल | २,७०,०००।०० |
| ४ | | २,७०,०००।०० |
| ५ | | २,७०,०००।०० |
| ६ | | २,७०,०००।०० |
| ७ | | २,७०,०००।०० |
| ८ | सूर्य रोशनी इण्डष्ट्रियल प्रा.लि. | २,६०,५९८।०० |
| ९ | | २,६०,५९८।०० |
| १० | | २,६०,५९८।०० |
| ११ | | २,६०,५९८।०० |
| १२ | नेप ट्रेक टूडे कन्सर्न | २,६०,५९८।०० |
| १३ | | २,६०,५९८।०० |
| १४ | | २,६०,५९८।०० |
| | **जम्मा** | **३७,०४,७८४।००** |

| | | |
|---|---|---|
| १८. | **योजना तर्जुमा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिणाममुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक नीति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश रु.१ लाख भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए बमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ । | |
| १९. | **अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना | |

कार्यान्वयन तालिका र अनुगमन र मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले नीति तथा कार्यक्रम तयार गर्दा निम्नानुसारका कार्यक्रममा अवण्डाको रुपमा एकमुष्ठ विनियोजन गरेको देखियो । नगर सभाबाट विस्तृत रुपमा योजनागत रकम बाँडफाड नगरी अवण्डाको रुपमा बजेट विनियोजन गरी कार्यपालिकाको निर्णयको आधारमा योजना थपघट गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिएको छ । विस्तृत योजनागत बजेट बाँडफाड गरी नगर सभाबाट पारित भएका योजनामा मात्र बजेट खर्च गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ ।

| सि.नं | कार्यक्रमको नाम | अवण्डा रकम |
|---|---|---|
| १ | खानेपानी मुहान संरक्षण तथा योजना निर्माण | १०,००,०००।०० |
| २ | विद्युत विस्तार कार्यक्रम | १०,००,०००।०० |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १,८,५००,०००।०० |
| ४ | उज्यालो शहर कार्यक्रम | १,००,००,०००।०० |
| ५ | सामुदायिक विकास तथा सामाजिक परिचालन कार्यक्रम | ५०,००,०००।०० |
| ६ | शिक्षा सुधार कार्यक्रम | ३०,००,०००।०० |
| ७ | पर्यटन प्रवर्द्धन कार्यक्रम | १०,००,०००।०० |
| | **जम्मा** | **३,९५,००,०००।००** |

२०. **बढी खर्च-** भौ.नं.११/२०७४।११।३०, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदारित पुगे नपुगेको जाच गर्नुपर्ने उल्लेख छ । यस कार्यालयबाट "बालमैत्रि शासन बाल अधिकारको सम्मान बाल दिवस २०७४" मा कविता महोत्सवको प्रथम पुरस्कार र विभिन्न विधाको निर्णयाकहरुको भत्ता रकम बुझाएको छैन । बुझाउन बाँकी रहेको रकम रु. ७,५००।०० असूल गरी सञ्चित कोष दाखिला गर्नु पर्दछ । ७,५००.००

| क.सं. | नाम | कारण | रकम |
|---|---|---|---|
| १ | सकिला लेप्चा | पुरस्कार | १,५००।०० |
| २ | सन्तोष राई | निर्णायक | १,५००।०० |
| ३ | लेखु विवस | निर्णयक | १,५००।०० |
| ४ | अर्जुन निरौला | निर्णयक | १,५००।०० |
| ५ | वीर बहादुर लामा | निर्णयक | १,५००।०० |
| | | **जम्मा** | **७,५००।००** |

२०.१. भौ.नं.६८/२०७५।३।२४, कार्यालयले दलित वर्ग उत्थान तथा विकास कार्यक्रम अन्तर्गत उपभोक्ता समितिलाई ३० थान सोलार बत्ती सिस्टम वितरण गरी प्रतिगोटा रु. ११,०००।०० का दरले जम्मा रु.३,३०,०००।०० खर्च लेखेकोमा २९ वटाको मात्र बुझेको भर्पाई पेश भएको देखिन्छ । वितरण गरेको भन्दा बढी खर्च लेखेको रकम असूल गरी सञ्चित कोष दाखिला गर्नु पर्दछ । ११,०००.००

२०.२. भौ.नं.५०/०७५।२।२८,टोल विकास संस्था सञ्चालन गर्न श्री ललिता राईले लिएको पेश्की रु.५३,०००।०० फछ्र्यौट गर्दा रु.५१,०००।०० को मात्र विल भर्पाई पेश भएको छ । विल भर्पाई पेश पेश नगरी बढी फछ्र्यौट भएको रकम रु. २,०००।००. असूल गर्नु पर्दछ । २,०००.००

२१. **वितरणमूखि खर्च**: कार्यालयले लक्षित वर्गका लागि छुट्याएको बजेटबाट लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम गर्न नपाइने व्यवस्था भएकोमा यो वर्ष महिला लक्षित कार्यक्रम अन्तर्गत स्वंयम सेविका प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सूर्योदय महिला मंच सँग सम्झौता गरी रु. २,००,०००।०० खर्च लेखेको छ । मञ्चले सम्बन्धित व्यक्तिलाई बुझाउन भनि देहायका व्यक्तिलाई प्रति गोटा रु.३५०।००को १७७ थान छाता र प्रति गोटा रु.६५०।०० को १७७ थान जुत्ता जिम्मा दिएकोमा सम्बन्धित लक्षित समुहले बुझेको भरपाई समेत पेश नभएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार गरी दीर्घकालिन क्षमता विकास, पूँजीगत प्रकृतिकाकार्यमा मात्र बजेट गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

| क.सं. | जिम्मा लिनेको नाम | छाता संख्या | जुत्ता संख्या | रकम |
|---|---|---|---|---|
| १ | कमला खड्का | ३१ | ३१ | ३१,०००।०० |
| २ | विनोद थापा | १६ | १६ | १६,०००।०० |
| ३ | सिनरा राई | २२ | २२ | २२,०००।०० |
| ४ | चण्डीका | १९ | १९ | १९,०००।०० |
| ५ | चन्द्रकला आचार्य | २० | २० | २०,०००।०० |
| ६ | झुना तामाङ्ग | ३१ | ३१ | ३१,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | मनमाया सुब्बा | १९ | १९ | १९,०००।०० |
| ८ | गीता राई | १९ | १९ | १९,०००।०० |
| | **जम्मा** | **१७७** | **१७७** | **१,७७,०००।००** |

२२. **फरक कार्यक्रम**: स्वीकृत कार्यक्रम अनुसार छात्रवृत्तिका लागि विनियोजित रकमबाट नेपाल दलित उत्थान समाजलाई दलित समुदायका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यक्रम फरक पारी समुदायका ५ जनालाई छनौट गरी शौर्य उर्जा खरिद गरी वितरण गरेको नियमसम्मत देखिएन । स्वीकृत कार्यक्रम विपरितको कार्यक्रममा बजेट खर्च लेखेको नियमसम्मत देखिएन । — ४८,५००.००

२३. **पदाधिकारी सुविधाः** प्रदेश सभाबाट पारित गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७५ को दफा ३(१)को अनुसूची १ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधाको व्यवस्था गरेको छ । यस नगरपालिकाले तपसिलमा उल्लेखित पदाधिकारीहरुलाई ऐनले उल्लेख गरेको भन्दा बढी सुविधा रकम भुक्तानी गरेको देखिएकोले उक्त रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । — ८५७३००.००

| पद र वडा न. | वडाध्यक्षको नाम | मासिक पाउने रकम | पाएको रकम | फरक रकम | महिना संख्या | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| वार्ड अदक्ष्य २ | श्री चन्द्रकुमार सुब्बा | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| वार्ड अदक्ष्य ४ | श्री मधुसुदन लामिछाने | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| वार्ड अदक्ष्य ८ | श्री सुभाषकुमार राई | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| वार्ड अदक्ष्य ९ | श्री देवेन्द्र शर्मा | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| वार्ड अदक्ष्य १० | श्री पेमाउगेन लामा | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| वार्ड अदक्ष्य १२ | श्री डोलेन्द्र भारद्रज | १४०००। | २००००। | ६०००। | १२ | ७२०००।०० |
| का.पा.सदस्य १ | श्री डालीमाया कार्की भन्डारी | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| का.पा.सदस्य २ | श्री नरमाया मुखिया सुब्बा | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| का.पा.सदस्य ३ | श्री ललिता देवी नेपाल | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| का.पा.सदस्य ४ | श्री शशीकला लेप्चा | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| का.पा.सदस्य ५ | श्री सावित्रा शिवा | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| का.पा.सदस्य ६ | श्री बीरबहादुर लाप्चा | ६५००। | १२०००। | ५५००। | १२ | २९,३००।०० |
| का.पा.सदस्य ७ | श्री सोनाम छिरिङ लामा | ६५००। | १२०००। | ५५००। | १२ | ६६०००।०० |
| | **जम्मा** | | | | | **८,५७,३००।००** |

२४. **अन्य सुविधाः** प्रदेश सभाबाट पारित अन्तर्गत गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७५ को दफा ३(१) को अनुसुची १ (ख)मा बैठक भत्ता खाजाखर्च लगायत अन्य सुविधाको व्यवस्था गरी सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने व्यवस्था छ । यस नगरपालिका कार्यालयले उक्त ऐनको व्यवस्थामा उल्लेख भए बमोजिमको सुविधा उपलब्ध गराई सकेपछि पुनःथप सुविधावापत देहाएका पदाधिकारीलाई खाजा खर्च र बसोबास खर्च नगद भुक्तानी गरेको रु ६६,९००।०० नियमसँगत नदेखिएकोले उक्त रकम असूल गरी सञ्चितकोषमा दाखिला गर्नु पर्दछ । — ६६,९००.००

| सि.नं. | गो.भौ.न.र मिति | ब्यहोरा | संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १. | ४।२०७४।६।१ | प्रथम नगर सभा बैठक वापत खाजा खर्च भुक्तानी | ३० | २०० | ४,०००।०० |
| २. | ५।२०७४।६।१ | प्रथम नगर सभा बैठक वापत खाजा खर्च भुक्तानी | ३५७ | ५०० | ३५,०००।०० |
| ३ | २०।०७४।१२।२६ | दोस्रो नगर सभा बैठक वापत खाजा खर्च भुक्तानी | ७२ | ५०० | ७,०००।०० |
| ४ | २५८।०७५।३।१६ | तेस्रो नगर सभा बैठक वापत खाना,बास, र यातायात खर्च | ७३ | एक मुष्ठ | २०,९००।०० |
| | | | | **जम्मा** | **६६,९००।००** |

२४.१. गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७५ को दफा ३ (१) को अनुसुची १ (ख) मा बैठक भत्ता लगायत अन्य सुविधाको व्यवस्था गरी सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने व्यवस्था छ । यस नगरपालिका कार्यालयले उक्त ऐनमा भएको व्यवस्था भन्दा थप सुविधा नगर प्रमुखलाई मिति २०७४ ।९।१ देखि लागू हुनेगरी मासिक रु १०,०००।००का दरले श्री कला तामाङलाई भान्से नियुक्ति गरी ७ महिनाको रु ७०,०००।०० हजार भुक्तानी गरेको रकम नियमसँगत देखिएन । — ७०,०००.००

२५. **विल भरपाई :**आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ३८ (८)मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगे जाच गर्नु पर्ने व्यवस्था छ । यस वर्ष नगरपालिका कार्यालयले गोश्वरा भौचर न.४७।०७४।७।१६ बाट श्री बिदुर सुवेदीलाई तालिम कार्यक्रमवापत रु.३७,८००।०० भुक्तानी दिएकोमा विल — ३७,८००.००

| | | |
|---|---|---|
| | भरपाई पेश भएन । विल भरपाई वेगर बजेट खर्च लेखेको रकम नियम सम्मत देखिएन । | |
| २५.१. | आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ३६ (८)मा कुनै रकमको भुक्तानी दिँदारित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले गो.भौ.न. २५३।२०७५।३।१४मा बैठकभत्ता वापतको रकम भुक्तानी गर्दा श्रोतब्यक्ति श्री जयबहादुर भण्डारी लाई बैठकमा नाम र उपस्थिती नभएको अवस्थामा ६ वटा बैठकको रु.७००।०० का दरले रु.४२००।००मा कर कट्टी गरी भुक्तानी गरेको रु. ३५७०।०० नियमसँगत नदेखिएकोले असूलगरी नगरपालिका सञ्चितकोषमा दाखिला गर्नु पर्दछ । | ३,५७०.०० |
| २६. | **परार्मश खर्च:** निजामति सेवा ऐन, २०४९ मा कुनै सरकारी कर्मचारीले सरकारी काम वाहेक अन्य काम गर्न नेपाल सरकारको स्वीकृती लिनु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यालयले इलाम उच्च सरकारी वकिल कार्यालयमा कार्यरत उच्च सरकारी वकिल श्री टेक बहादुर घिमिरेलाई मिति २०७५।३।११ गतेसम्म २१ दिनको लागि परामर्शदाता नियुक्ति गरी रु ३,००,०००।००को १५ प्रतिशतले हुने रु.४५०००।००मा कर कटटी गरी रु २,५५,०००।०० भुक्तानी गरेकोमा निजामती सेवा ऐनको व्यवस्था अनुसार नेपाल सरकारको स्वीकृती वेगर अन्यसेवा स्वीकार गरेको नियम सँगत देखिएन । | २,५५,०००.०० |
| २७. | **थप व्ययभार:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४)मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीन वटा निमार्ण ब्यवसायी परार्मशदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सोलार सिस्टम जडान गर्दा लिएको दरभाउपत्रमा सबै भन्दा घटी मुल्य रु ३,७७,७५०।०८ पेश गरेको नयाँ किरण ईर्नजी सोलुशनसँग खरिद नगरी स्टार अफिस इन्टरनेशनलसँग रु. ३,९८,०००।००मा खरिद गरेको देखिएकोले रु २०,२४९।९२ थप व्ययभार पारेको रकम नियमसँगत देखिएन । | २०,२४९.९२ |
| २८. | **कर कट्टी छुट:** आयकर ऐन,२०५८को दफा ८८ र ८९ बमोजिम अन्य भाडा वा कुनै वस्तु वा सेवा वापत भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस कार्यालयले भौ.नं. १६६।२०७५।१।११ मा मेयर कप फुटवल प्रतियोगिता कार्यक्रम वापतको रकम भुक्तानी दिँदाडिङ मलिङ टेण्ड हाउसबाट टेण्ड भाडामा लिए वापत भुक्तानी गरेको रु ७५६००।०० मा भाडा बहाल कर कटटी नगरी भुक्तानी गरेको देखिएकोले छुट हुन गएको १० प्रतिशत बहाल कर रु ७,५६०।०० असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्दछ । | ७,५६०.०० |
| २९. | **पेश्की फछ्र्यौट:** भौ.नं.११/०७४।१०।१६, आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) मा कार्यालयले बजेट खर्च लेख्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । कार्यक्रम सहजकर्ता जय भण्डारीले २०७४।९।१६ मा भएको शिक्षकहरुको अन्तर्क्रिया कार्यक्रम सञ्चालनको रु.२०,०००।०० खर्च लेखेको छ । उक्त कार्यक्रमको विल भर्पाई पेश गरी पेश्की फछ्र्यौट गरेको भएता पनि कार्यक्रम सञ्चालनको प्रतिवेदन पेश नहुनाको साथै देहायका व्यक्तिले रकम बुझेको छैन । पेश्की फछ्र्यौट गर्दा सम्बन्धितले रकम बुझेको भर्पाई पेश नगरी रु. ७,२५५।०० खर्च लेखेको रकम असूल गरी सञ्चितकोष दाखिला गर्नु पर्दछ । | ७,२५५.०० |

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| १ | प्र. अ.श्री राजेन्द्र प्रसाद भट्टराई | २०००।०० |
| २ | स्रोत व्यक्ति श्री गणेश आचार्य | २०००।०० |
| ३ | विज्ञ श्री केदार शर्मा | २०००।०० |
| ४ | श्री रुपा राई | १२५५।०० |
| | **जम्मा** | **७,२५५।००** |

| | | |
|---|---|---|
| ३०. | **बढी निकासा:** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाबाट ६७ आधारभुत र माध्यमिक विद्यालयका मागफारामका आधारमा सम्बन्धित शाखाबाट चेकजाँच गरी खर्च लेख्नु पर्नेमा माग फाराम प्राप्त नगरी र मागभन्दा बढी निकासा भएको रकम असूल गरी सञ्चित कोष दाखिला गर्नु पर्दछ । | |
| ३०.१. | सिंहदेवी मा.वि. गोर्खेको वाल विकास सहयोगी कार्यकर्ताको प्रति कार्यकर्ता रु. ६०००।०० ले २ जनाको वार्षिक रु.१५६०००।०० निकासा हुनु पर्नेमा रु.१७४०००।०० भएकोले बढी रु.१८,०००।०० निकासा भएको रकम असूल गर्नुपर्दछ । | १८,०००.०० |
| ३०.२. | वुद्ध मा.वि. लक्ष्मीपूरको ६ शिक्षक र २ कर्मचारीकोलागि प्रथम चौमासिक निकासा रु.७,३६,९६९।२० गर्नु पर्नेमा रु.१०,४३,००९।७० गरी रु.३०६०४०।५० बढी निकासा भएको छ । बढी निकासा भएको मध्ये दोश्रो | १,८०,५७१.५० |

<table>
<tr><td></td><td>चौमासिकको निकासा गर्दा रु.१२५४६७०० कट्टा गरेको देखिएकोले बाँकी बढी निकासा भएको रु.१,८०,५७१।५० असूल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.३.</td><td>आदर्श आधारभुत विद्यालय कजनीको ५ शिक्षकको दोश्रो चोमासिक निकासा रु.५,४४,६९२।८० निकासा गर्नु पर्नेमा रु.६,७९,७९२।४० भएकोले बढी निकासा भएको रु.१,३५,०९९।६० असूल गर्नु पर्दछ ।</td><td>१,३५,०९९.६०</td></tr>
<tr><td>३०.४.</td><td>विरेन्द्र मा.वि.पञ्चकन्याको ११ शिक्षकको तेश्रो चौमासिक निकासा रु.१२१४७८२।०० गर्नु पर्नेमा रु.१२२३६६४।०० भएकोले बढी निकासा भएको रु.८,८८२।०० असूल गर्नु पर्दछ ।</td><td>८,८८२.००</td></tr>
<tr><td>३०.५.</td><td>भौ.नं.२९ र ३०- करफोक मा.वि.पञ्चकन्याको शिक्षक र कर्मचारीको तेश्रो चौमासिक रु.३१,५९,५०२।५० तलव निकासा खर्च लेखेको छ । माग फाराम पेश नगरी खर्च लेखेको रकम नियम सम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>३१.</td><td>अवकासको विवरणः यस वर्ष नगरपालिकाले कार्य क्षेत्र भित्र पर्ने ६७ आधारभुत र माध्यमिक विद्यालय शिक्षकको तलव रु.१३,५९,४२,३४३।७२ निकासा गरेको छ । यस वर्ष अवकास प्राप्त शिक्षकको विवरण माग गर्दा पेश नभएकोले अवकास प्राप्त शिक्षकको तलव भत्ता भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२.</td><td>सामाजिक सुरक्षा भत्ताः अर्थमन्त्रालयको मिति २०७४।५।३० को परिपत्र अनुसार दोश्रो चौमासिकको लागि निकासा माग गर्दा प्रथम चौमासिकको सम्पूर्ण हिसाव विवरण र तेश्रो चौमासिकको रकम निकासा माग गर्दा दोश्रो चौमासिकको सम्पूर्ण हिसाव विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी बास्तविक रकम मात्र माग गर्ने व्यवस्था छ । यस कार्यालयले सामाजिक सुरक्षाको रकम माग गर्दा अनुमानित खर्चका अभिलेख पेश गरी निकासा लिई प्रथम र दोश्रो किस्ता पेश्की फछ्र्यौट नै नगरी तेश्रो चौमासिक निकासा लिई पेश्की दिने गरेको र सोही पेश्की फछ्र्यौट गर्दा वितरण हुन नसकी फ्रिज हुनु पर्ने रकम बाँकी रहन गएको देखिएकोले कार्यालयले माग गर्ने गरेको रकम यथार्थ हुन नसक्ने देखिएको छ । अतः कार्यालयले अर्थ मन्त्रालयको परिपत्र पालना गरी सामाजिक सुरक्षा रकम निकासा लिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३३.</td><td>लाभग्राहीको विवरणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा १२ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको संख्यात्मक विवरण एम.आई.एस.लागू भएका जिल्लाका नगरपालिकाले एम.आई.एस. मा नाम दर्ता तथा प्रमाणिकरण र नविकरण गरी अनुसुची ७ बमोजिमको एम.आई.एस. प्रतिवेदन माघ मसान्त भित्र र सो विवरण अध्यावधिक गरी अनुसूची ८ बमोजिमको ढाँचामा प्रत्येक चौमासिकमा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यविधिले तोके बमोजिमको विवरण विभागमा पठाएको देखिएन । कार्याविधिले तोके बमोजिमको समयममा एम.आई.एस.विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>भत्ता वितरण व्यवस्थाः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा १५ मा नगरपालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ता भित्र भूक्तानी गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले सो अनुसार लाभग्राहीलाई भत्ता वितरण गरेको देखिएन । नगरपालिकाले यो वर्षको प्रथम चौमासिक कार्तिक महिना देखि अषाढ महिना सम्म, दोश्रो चौमासिक असारमा र तेश्रो चौमासिक भत्ता असारको ३२ गते सम्म वितरण गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>बढी भुक्तानीः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा १३ को १(क) मा लाभग्रहीहरुले पाउने मासिक भत्ता दर तोकेको छ । यस नगरपालिकाले देहाएका लाभग्रहीलाई पाउने मासिक भत्ता भन्दा बढी रकम बितरण गरेको देखिएको रु २४०००।०० असूल गरी संघीय सञ्चितकोषमा दाखिला हुनु पर्दछ ।
<table>
<tr><th>वडा न.</th><th>नाम थर</th><th>लाभग्रहीको किसिम</th><th>पाएको किस्ता</th><th>पाउनपर्ने</th><th>पाएको</th><th>फरक रकम</th></tr>
<tr><td>५</td><td>कुल बहादुर ल्याप्चा</td><td>लोपन्मख</td><td>दोस्रो</td><td>८०००।००</td><td>१६०००।००</td><td>८०००।००</td></tr>
<tr><td>५</td><td>बिर बहादुर ल्यापचा</td><td>लोपन्मख</td><td>तेस्रो</td><td>८०००।००</td><td>१६०००।००</td><td>८०००।००</td></tr>
<tr><td>५</td><td>खडक नारायण सन्यासी</td><td>लोपन्मख</td><td>तेस्रो</td><td>८०००।००</td><td>१६०००।००</td><td>८०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२४०००।००</td></tr>
</table></td><td>२४,०००.००</td></tr>
<tr><td>३६.</td><td>मूल्य अभिवृद्धि करः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) र अर्थ मन्त्रालयको मिति</td><td></td></tr>
</table>

२०६९।६।१७ को परिपत्र बमोजिम धरौटी फिर्ता गर्नुपर्दा सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । सो व्यवस्था विपरित कार्यालयले मूल्य अभिवृद्धि करको समायोजन प्रमाण वेगर रु. ५,३६,५४०।०० धरौटी  देहाय बमोजिम फिर्ता खर्च लेखेकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ । ५,३६,५४०.००

| गो.भौ.न/ मिति | फर्मको नाम | ब्यहोरा | रकम |
|---|---|---|---|
| ३।२०७४।७।७ | न्यु आशिष कन्स्टकशन धरान | मु.अ.कर समायोजन प्रमाण पेश नभएको | ४३,१००।०० |
| ४।२०७४।७।७ | सिप्रद्री टेडिङ पा. ली. | मु.अ.कर समायोजन प्रमाण पेश नभएको | २,५९,९५५।०० |
| ५।२०७४।७।१५ | सक्षम निर्माण सेवा ललितपुर | मु.अ.कर समायोजन प्रमाण पेश नभएको | ८५,९८०।०० |
| ७।२०७४।७।२२ | कुम्बोसाङ निमार्ण सेवा | कर चुक्ता र मु.अ.कर समायोजन प्रमाण पेश नभएको | ६१,४८८।०० |
| १२।२०७४।१०।२ | बिष्णु निमार्ण सेवा | कर चुक्ता र मु.अ.कर समायोजन प्रमाण पेश नभएको | ८६,०१७।०० |
| | | **जम्मा** | **५,३६,५४०।००** |

३७. **बाच्छी वितरण:** सूर्योदय न.पा. वडा न.५  अन्तरगत ८ पशुपालक समूहसँग भएको संझौता बमोजिम विपन्न परिवारको आर्थिक जीवनस्तर उकास्न,गाईपालनलाई प्रोत्साहित गर्दै विषादी र रासायनिक मल प्रयोगमा न्यूनिकरणका लागि उन्नत जातको बाच्छी खरिद/वितरण गर्ने कार्यक्रम अन्तर्गत रु.२०,०००। का दरले २० वटा बाच्छी रु.१,६०,०००।- र वडा नं.२  र ३ मा १० वटा बाच्छी लागि रु.१,६७,०५०।- समेत जम्मा रु.३,२७,०५०।-  मा खरिद गरी वितरण गरेको छ । सामुहिक हितमा उपयोग र समूहको जिम्मेवारी  सहित ती बाच्छीको अनिवार्य पशु वीमा गराउने र सो को प्रगती पठाउनु पर्ने उल्लेख भएकोमा पशु वीमा गरेको देखिएन । साथै ती उन्नत जातका बाच्छी पाली बढाई हुर्काइ ब्याएपछि समूहको निर्णय बमोजिम समूहका सदस्यलाई वितरण गर्ने उल्लेख भएकोमा सामूहिक हितमा उपयोग भए नभएको सो को अनुगमन अभिलेख पेश गरेको पनि छैन । स्थानीय तहले लक्षित उद्देश्यका लागि गरेको लगानीको उपयोग र प्रभावकारिता सम्बन्धमा जिम्मेवार पदाधिकारीको ध्यान जानु पर्दछ ।

३८. **नर्म्सभन्दा बढी भुक्तानी**: अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक नगरस्तरीय भएमा कार्यपत्र वापत रु.८००।०० र कक्षा सञ्चालन वापत रु.७००।०० गरी जम्मा रु.१,५००।०० भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।यस कार्यालयले नगरस्तरीय तालिममा कार्यालयकै कर्मचारी प्रशिक्षक भै कक्षा लिएकोमा कार्यपत्र वापत रु.८००।०० भुक्तानी दिनु पर्नेमा बढी दरले भुक्तानी दिएकाले निर्देशिकामा उल्लेख भएभन्दा बढी भुक्तानी रु.३०,५००।-असूल गर्नुपर्दछ । २४,२००.००

| भौ.नं./मिति | तालिम विवरण | प्रशिक्षक /कर्मचारी | कक्षा/ कार्यपत्र संख्या | पाउने दर | पाएको दर | बढी रकम | |
|---|---|---|---|---|---|---|---|
| १५/०७५।३।१५ | गाईपालन,गोठसुधार | प्रशिक्षक प.चि.श्री विपिन कुमार सिंह | २ | ८०० | १२०० | ८०० | गरिवसँग विशेश्वर का. |
| | | प्रा.स.श्री बद्रिगोपाल आचार्य | २ | ८०० | १२०० | ८०० | |
| २५/०७५।२।२५ | अपांगता सचेतना | प्रशिक्षक श्री मदन कुमार गुरुंग | ६ | ८०० | १२०० | २४०० | वडानं. १४ |
| | | प्रशिक्षक श्री राजकुमार नेपाली | २ | ८०० | १५०० | १४०० | वडानं. १४ |
| ४२/०७५।२।२३ | कुखुरापालन व्य.तालिम | वडा अध्यक्ष श्री लेखनाथ खड्का | ३ | ८०० | १००० | ६०० | वडा नं. ७ |
| | | पशु प्रा.श्री बद्रिगोपाल आचार्य | ३ | ८०० | १००० | ६०० | वडा नं. ७ |
| | | वडा सचिव श्री तारा शेर्पा | ३ | ८०० | १००० | ६०० | वडा नं. ७ |
| ९१/०७५।३।२४ | एकीकृत सम्पत्तिकर सचेतनामूलक | वडा सचिव श्री चुडामणि बराल | २ | ८०० | १२०० | ८०० | वडा नं. ४ |
| | | कार्यालय सहायक श्री तिर्थराज घिमिरे | २ | ८०० | १२०० | ८०० | वडा नं. ४ |
| | महिला स्वा.स्व.से. क्षमता अभिवृदि | वडा सचिव श्री गिता रसाईली | २ | ८०० | १५०० | १४०० | वडा नं. ४ |
| ९९/०७५।३।२४ | महिला सचेतना | वडा सचिव श्री चित्रकला रसाईली | २ | ८०० | १५०० | १४०० | वडा नं. १२ |
| ११०/०७५।३।२५ | वालमैत्री स्था.शा. सचेतना तथा अभिमूखिकरण | प्रशिक्षक वडासचिव श्री मदन कुमार गुरुङ्ग | ४ | ८०० | १२०० | १६०० | वडा नं. १४ |
| | अंग्रजी स्कुल कट्से बालमैत्री | प्रशिक्षक वडासचिव श्री मदन कुमार गुरुङ्ग | ४ | ८०० | १२०० | १६०० | वडा नं. १४ |
| | महिला सचेतना तथा | प्रशिक्षक वडासचिव श्री मदन कुमार | ८ | ८०० | १२०० | ३२०० | वडा नं. १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिमूखिकरण | गुरुङ्ग | | | | | |
| ११४/०७५।३।२५ | वालमैत्री स्था.शा. सचेतनातथा अभिमूखिकरण, ज्योती मा.वि. | प्रशिक्षक वडासचिव श्री मदन कुमार गुरुङ्ग | १२ | ८०० | १२०० | ४८०० | वडा नं.१३ |
| | न्यायिक समितिको काम कर्तव्य र अधिकार | प्रशिक्षक श्री वडा सचिव श्री अर्जुन थापा | २ | ८०० | १५०० | १४०० | वडा नं.३ |
| | | | | जम्मा | | २४,२०० | |

३९. **वित्तीय जवाफदेहिता**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । बजेट शिर्षक अनुसार श्रेस्ता तयार नगरेको,वडा तथा नगरपालिका सञ्चालन खर्च तर्फको जिन्सी अद्यावधिक नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, नगरपालिकाको दरबन्दी बमोजिम पदपूर्ति नभएको, जिम्मेवारी बाँडफाड सहित गुणस्तर सुधारका सम्बन्धमा उपयूक्त उपायहरुको अवलम्बन नगरेको, कार्यविवरण नतोकिएको, फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीको कामको प्रगती विवरण सहित अनुगमन नभएको,सामाजिक सुरक्षा तर्फको अभिलेख अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएका छन् । नियमको व्यवस्थालाई अवलम्बन गरी वित्तीय जवाफदेहिता पालन गर्नु पर्दछ ।

४०. **अद्यावधिक बेरुजू स्थिती:** गत वर्ष सम्म यस नगरपालिकाको असूल गर्नु पर्ने बेरुजू रु. ११ लाख १६ हजार, नियमित गर्नु पर्ने रु. ११ लाख ९५ हजार र पेश्की बाँकी रु.४ लाख  ५ हजार रहेकोमा यो वर्ष असूल गर्नु पर्ने रु.१० लाख ९२ हजार  नियमित गर्नु पर्ने रु.११ लाख ९५ हजार र  पेश्की बेरुजू रु.४  लाख ५ हजार फछ्र्यौट गरेकोले रु. २४ हजार बाँकी रहेकोमा यो वर्ष असूल गर्नु पर्ने रु.२७ लाख २८ हजार, नियमित गर्नु पर्ने रु. ४९ लाख ६५  हजार र पेश्की बाँकी रु. ६ लाख थप भई यो वर्ष सम्म असूल गर्नु पर्ने रु.२७  लाख ५२ हजार, नियमित गर्नु पर्ने रु. ४९ लाख ६५  हजार र पेश्की बाँकी रु.६ लाख रहेको छ ।